# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी निर्देशिका, २०७७

नेपाल सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत मितिः २०७७/२/२२

प्रस्तावनाः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी नियुक्ति वा मनोनयन गर्ने सम्बन्धी व्यवस्थालाई वस्तुनिष्ठ, निष्पक्ष र पारदर्शी बनाउन आवश्यक भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति र मनोनयन सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस निर्देशिकामा,

(क) "अख्तियारवाला" भन्नाले पदाधिकारी तथा सदस्यको नियुक्ति वा मनोनयन गर्ने अख्तियारी पाएका दफा १४ बमोजिमका अधिकारी सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले सार्वजनिक निकायको अध्यक्ष सम्झनु पर्छ।

(ग) "कार्यकारी प्रमुख" भन्नाले सार्वजनिक निकायको कार्यकारी प्रमुख भै काम गर्ने अध्यक्ष, कार्यकारी निर्देशक, सदस्य सचिव वा महाप्रबन्धक सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले सार्वजनिक निकायको अध्यक्ष, कार्यकारी प्रमुख वा महाप्रबन्धक र सदस्य समेतलाई जनाउँछ ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्दछ ।

(च) "सम्बन्धित कानून" भन्नाले पदाधिकारीको नियुक्ति वा मनोनयन हुने निकायसँग सम्बन्धित कानून सम्झनु पर्छ।

(छ) "सार्वजनिक निकाय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध अनुसूची -१ बमोजिमका निकाय सम्झनु पर्छ ।

(ज) "सिफारिस समिति" भन्नाले दफा ८ बमोजिमको सिफारिस समिति सम्झनु पर्छ।

३. <u>**पदाधिकारीको लागि योग्यता:**</u> (१) पदाधिकारीको नियुक्ति वा मनोनयनको योग्यता सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ।

(२) पदाधिकारीको नियुक्ति वा मनोनयनको योग्यता सम्बन्धमा सम्बन्धित कानूनमा व्यवस्था नभएकोमा देहायको पदाधिकारीको पदमा नियुक्ति वा मनोनयनको लागि देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछः-

(क) अध्यक्षको लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण गरेको,

(ख) कार्यकारी प्रमुखको लागि सम्बन्धित सार्वजनिक निकायको कार्य प्रकृतिसँग सम्बन्धित विषय वा प्रशासन व्यवस्थापन अर्थशास्त्र वा कानुनमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको र कुनै संस्था वा निकायमा व्यवस्थापकको हैसियतले कम्तीमा पाँच वर्षको कार्य अनुभव हासिल गरेको।

४. **<u>नियुक्ति वा मनोनयनको लागि अयोग्य मानिने</u>:** देहायको व्यक्ति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि अयोग्य मानिनेछः-

(क) दफा ३ बमोजिमको योग्यता नपुगेको,

(ख) अध्यक्ष वा कार्यकारी प्रमुखको हकमा पैंतीस वर्ष र सदस्यको हकमा तीस वर्ष उमेर पूरा नभएको,

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोबार, पुरातात्त्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अभियोग लागेको वा सजाय पाएको,

(घ) प्रचलित कानुन बमोजिम कालो सूचीमा समावेश भई त्यस्तो सूचीबाट फूकुवा भएको अवधि तीन वर्ष पूरा नभएको,

(ङ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको,

(च) आफू नियुक्त हुने सार्वजनिक निकायमा हिताधिकारी वा लाभग्राही भएको,

(छ) कार्यकारी प्रमुखको हकमा नियुक्ति वा मनोनयन हुने सार्वजनिक निकायसँग कुनै ठेक्का पट्टा सम्झौता गरी काम गरिरहेको वा निजी स्वार्थ रहेको।

(ज) मानसिक सन्तुलन ठीक नभएको,

(झ) गैह्रनेपाली नागरिक।

५. **<u>पदावधि</u>:** कम्पनी वा संस्थाको सम्बन्धित कानूनमा उल्लेख भएकोमा बाहेक यस निर्देशिका बमोजिम नियुक्त वा मनोनयन भएका पदाधिकारी वा सदस्यको पदावधि दुई वर्षको हुनेछ।

तर निजको कार्यसम्पादन सन्तोषजनक भएमा अख्तियारप्राप्त अधिकारीले बढीमा दुई वर्षसम्मका लागि कार्यकाल थप गर्न सक्नेछ।

६. **<u>पद रिक्त हुने अवस्थाः</u>** सम्बन्धित कानूनमा अन्यथा उल्लेख भएकोमा बाहेक पदाधिकारी तथा सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछः—

(क) निजले उक्त पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) दफा ४ बमोजिम अयोग्य भएमा,

(घ) निजको उमेर ६५ वर्ष पुगेमा,

(ङ) कार्यक्षमताको अभाव, खराव आचरण वा इमान्दारीपूर्वक पदीय जिम्मेवारी अनुरूप काम नगरेको आधारमा अख्तियारवालाले हटाएमा,

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(च) निजको मृत्यु भएमा ।

७. **<u>प्रतिस्पर्धाबाट नियुक्ति गरिनेः</u>** कार्यकारी प्रमुखको पदमा खुला प्रतिस्पर्धाका आधारमा नियुक्ति गरिनेछ।

८. **<u>सिफारिस समितिः</u>** (१) सम्बन्धित कानूनमा कार्यकारी प्रमुखको पदमा नियुक्तिको लागि सिफारिस सम्बन्धमा कुनै व्यवस्था भएकोमा सोही बमोजिम र त्यस्तो व्यवस्था नभएकोमा कार्यकारी प्रमुखको पदमा नियुक्तिका लागि मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) मन्त्रालयको सचिव -संयोजक

(ख) मन्त्रालयबाट मनोनित सम्बन्धित क्षेत्रको विषय विज्ञ -सदस्य

(ग) मन्त्रालयको प्रशासन हेर्ने महाशाखा प्रमुख -सदस्य

(२) मन्त्रालयको सचिवले तोकेको कम्तीमा अधिकृतस्तरको कर्मचारीले सिफारिस समितिको सदस्यसचिवको रूपमा काम गर्नेछ।

(३) सिफारिस समितिले कार्यकारी प्रमुखको पदमा सिफारिस गर्दा अवलम्वन गर्नुपर्ने अन्य प्रक्रिया तथा बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **<u>सिफारिस समितिको काम, कर्तव्य र अधिकार:</u>** सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दरखास्त आव्हान गर्ने,

(ख) दरखास्त दिने व्यक्तिहरूको शैक्षिक योग्यता, कार्य अनुभव र विषय विज्ञताको छानविन गरी योग्यता पुगेका उम्मेदवारहरूको दरखास्त स्वीकृत गर्ने र सोको सूची प्रकाशन गर्ने,

(ग) खण्ड (ख) बमोजिम सूचीमा परेका उम्मेदवारलाई आफ्नो कार्ययोजना प्रस्तुतीकरण गर्न लगाउने,

(घ) उम्मेदवारको अन्तर्वार्ता लिने,

(ङ) योग्यताक्रमको आधारमा बढीमा तीन जनासम्मको नाम नियुक्तिको लागि सिफारिस गर्ने।

१०. **<u>सूचना प्रकाशन गर्ने:</u>** (१) सिफारिस समितिले कार्यकारी प्रमुखको पदमा नियुक्तिको लागि कम्तीमा एक्काइस दिनको अवधि दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिका,

मन्त्रालयको वेभसाइट र सूचना पाटीमा सूचना प्रकाशन गरी इच्छुक व्यक्तिबाट अनुसूची-२ बमोजिमको दरखास्त आव्हान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि सो सूचना बमोजिमको पदमा नियुक्त हुन चाहने दफा ३ बमोजिमको योग्यता पुगेको व्यक्तिले देहाय बमोजिमका विवरण तथा कागजातको प्रमाणित प्रति संलग्न गरी मन्त्रालय समक्ष दरखास्त दिन सक्नेछः-

(क) नागरिकताको प्रतिलिपि,

(ख) व्यक्तिगत विवरण (Biodata),

(ग) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

(घ) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(ङ) उपदफा (१) बमोजिमको सूचनामा तोकिएको अन्य आवश्यक कागजात।

(३) उपदफा (२) बमोजिम कार्यकारी प्रमुखको पदमा दरखास्त दिने व्यक्तिले त्यस्तो दरखास्तसाथ आफू नियुक्त हुन चाहेको सार्वजनिक निकायको सुधार सहितको पाँच हजार शब्दमा नवढाई तयार गरिएको व्यावसायिक कार्ययोजना समेत छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नुपर्नेछ।

११. **उम्मेदवारको सूची प्रकाशन गर्नेः** सिफारिस समितिले दरखास्त दिने अवधि समाप्त भएपछि सम्बन्धित कानून तथा यस निर्देशिका बमोजिम योग्यता पुगेका र रीतपूर्वक

प्राप्त भएका दरखास्तहरूको आधारमा स्वीकृत उम्मेदवारको नामावली सहितको सूची प्रकाशन गर्नुपर्नेछ।

१२. **मूल्याङ्कनको आधारः** कार्यकारी प्रमुखको पदमा नियुक्तिको सिफारिसको लागि उम्मेदवारको सिफारिस गर्दा अनुसूची-३ मा उल्लेख भए बमोजिम शैक्षिक योग्यता, अनुभव, व्यावसायिक कार्ययोजना, व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण, अन्तर्वार्ता वा सिफारिस समितिले तोकेको अन्य थप उपयुक्त आधारमा मूल्याङ्कन गरिनेछ।

१३. **सिफारिस तथा नियुक्तिः** (१) सिफारिस समितिले दफा १२ बमोजिमको मूल्याङ्कनको आधारमा उम्मेदवारको शैक्षिक योग्यता तथा अनुभव, व्यावसायिक कार्ययोजना, व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण तथा अन्तरवार्तामा प्रदान गरिएको अङ्क जोडी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना योग्य उम्मेदवारको छनौट गरी नियुक्तिका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ र सोको सूचना मन्त्रालयको वेवसाईटमा सार्वजनिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भएका उम्मेदवारहरू मध्येबाट अख्तियारवालाले उपयुक्त ठहऱ्याएको व्यक्तिलाई पदाधिकारीको पदमा नियुक्ति गर्नेछ।

१४. **नियुक्ति वा मनोनयन गर्ने अधिकारः** सार्वजनिक निकायमा पदाधिकारीको नियुक्ति गर्ने अधिकार अनुसूची- ४ मा उल्लेख भए बमोजिमको अख्तियारवालालाई हुनेछ ।

१५. **कार्य सम्पादन करार गर्नुपर्नेः** (१) कार्यकारी प्रमुखले निज नियुक्ति भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसम्पादन करारमा देहायका विषय उल्लेख गर्नुपर्नेछः

(क) कार्यकारी प्रमुखले पूरा गर्नुपर्ने कामको विवरण,

(ख) निजले पेश गरेको व्यावसायिक विवरण, सम्बन्धित सार्वजनिक निकायको सुधारका लागि कार्यान्वयन गरिने योजना, रणनीति र कार्यक्रम तथा त्यसको कार्यतालिका,

(ग) खण्ड (क) वा (ख) बमोजिम निजले कार्य सम्पादन गर्दा देखिने वा प्राप्त हुने प्रतिफल वा उपलब्धिको विवरण,

(घ) खण्ड (ग) बमोजिमको प्रतिफल वा उपलब्धि मापन गर्न सकिने सूचक र त्यसको मूल्यांकनको संयन्त्र,

(ङ) अन्य आवश्यक विषय ।

(३) उपदफा (१) बमोजिमको कार्यसम्पादन करार बमोजिम कार्यकारी प्रमुखबाट कार्य सम्पादन भए नभएको विषयमा मन्त्रालयले चौमासिक रूपमा मूल्याङ्कन गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको मूल्याङ्कनका आधारमा कुनै मनासिब कारण बाहेक चौमासिक कार्यसम्पादनको स्तर पचास प्रतिशतभन्दा कम हुने कार्यकारी प्रमुखलाई अख्तियारवालाले उक्त पदबाट हटाउन सक्नेछ।

तर त्यसरी हटाउनुपूर्व निजलाई सफाइ पेश गर्ने मौका दिनुपर्नेछ।

१६. **<u>पारिश्रमिक तथा सुविधाः</u>** सम्बन्धित सार्वजनिक निकायको कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस निर्देशिका बमोजिम नियुक्त वा मनोनयन हुने

कार्यकारी प्रमुखको पारिश्रमिक तथा सुविधा अर्थ मन्त्रालयको सहमतिमा तोकिए बमोजिम हुनेछ।

१७. **<u>दोहोरो सुविधा लिन नहुने:</u>** यस निर्देशिका बमोजिम नियुक्त वा मनोनयन भएका पूर्णकालीन पदाधिकारी वा सदस्यले सरकारी कोषबाट निवृत्तभरण प्राप्त गरिरहेको भए निवृत्तभरण वा तलब मध्ये कुनै एक मात्र लिन पाउने छ ।

१८. **<u>वाधा अडकाउ फुकाउने अधिकार:</u>** यो निर्देशिका कार्यान्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा यस निर्देशिकाको भावनाको प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यक व्याख्या वा व्यवस्था गर्न सक्नेछ।

१९. **<u>खारेजी र बचाउ:</u>** (१) उद्योग मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी निर्देशिका, २०७३ र आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धी निर्देशिका, २०७३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका बमोजिम सार्वजनिक निकायको पदमा नियुक्त वा मनोनित पदाधिकारी यसै निर्देशिका बमोजिम नियुक्त वा मनोनयन भएको मानिनेछ र त्यसरी नियुक्ति हुँदाका बखत निर्धारित अवधि सम्म बहाल रहन यस निर्देशिकाको व्यवस्थाले कुनै वाधा पारेको मानिने छैन।

## अनुसूची-१

(दफा २ को खण्ड (छ) सँग सम्बन्धित)

सार्वजनिक निकाय

१. उदयपुर सिमेण्ट उद्योग लिमिटेड

२. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

३. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

४. नेपाल ओरिण्ड म्याग्नेसाईट (प्रा.) लिमिटेड

५. नेपाल मेटल कम्पनी लिमिटेड

६. नेपाल औषधि लिमिटेड

७. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड

८. हेटौडा सिमेण्ट उद्योग लिमिटेड

९. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

१०. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

११. नेपाल इन्टरमोडल यातायात विकास समिति

१२. नेपाल आयल निगम लिमिटेड

१३. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

१४. विराटनगर जुट मिल्स लिमिटेड

## अनुसूची- २

### (दफा १० को उपदफा (१) सँग सम्बन्धित)

### नियुक्त वा मनोनयन हुन चाहने पदाधिकारीले पेश गर्नुपर्ने दरखास्तको ढाँचा

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत तथा सम्बद्ध निकायको सार्वजनिक निकायको देहायको पदमा नियुक्ति वा मनोनयन भई सेवा गर्न इच्छा भएकोले देहायका विवरण तथा कागजात संलग्न गरी यो दरखास्त पेश गरेको छु। सो पदमा नियुक्ति वा मनोनयनको लागि आवश्यक पर्ने योग्यता तथा अनुभव रहेको स्वघोषणा समेत गर्दछु र नियुक्ति वा मनोनयन भएको अवस्थामा प्रचलित कानून बमोजिम इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

१. नियुक्त वा मनोनयन हुन चाहेको सार्वजनिक निकायको नामः

२. नियुक्त वा मनोनयन हुन चाहेको पदः

३. दरखास्त पेश गर्ने व्यक्तिकोः-

**(क) <u>व्यक्तिगत विवरण</u>**

नाम थरः-
नागरिकता नं. र नागरिकता जारी जिल्लाः-
स्थायी ठेगानाः-
अस्थायी ठेगानाः-
जन्म मितिः-
सम्पर्क नं.ः-
इमेलः-

**(ख) शैक्षिक योग्यताको विवरणः**

| क्र.सं. | उपाधि | विश्वविद्यालय/शिक्षण संस्था | उत्तीर्ण गरेको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(ग) अनुभवः**

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(घ) लेख रचना तथा अन्य प्रकाशन**

| क्र.सं. | लेख रचना र प्रकाशनको नाम वा विषय | प्रकाशित जर्नल पुस्तक | प्रकाशन भएको साल | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(ङ) अन्य केही खुलाउनु पर्ने भएः**

| क्र.सं. | पद | कार्यरत संस्था | कार्यरत अवधि | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(च) संलग्न कागजात तथा विवरणः**

(१) नागरिकताको प्रतिलिपि,

(२) व्यक्तिगत विवरण,

(३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि,

(४) अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(५) अन्य आवश्यक कागजात।

माथि उल्लेख गरेका सबै विवरणहरू साँचो हुन झुठा ठहरे कानून बमोजिम सहुँला वुझाउँला ।

| औंठाको छाप | |
|---|---|
| | |
| दायाँ | वायाँ |

दस्तखतः ....................................

मितिः ........................................

# अनुसूची- ३

(दफा १२ सँग सम्बन्धित)

## नियुक्तिको लागि छनौट गर्न मूल्याङ्कनका आधार

१. <u>शैक्षिक योग्यता मूल्याङ्कनको आधारः</u> पूर्णाङ्क -६ अङ्क

एक अतिरिक्त शैक्षिक योग्यता वापत -६ अङ्क

२. <u>अनुभव मूल्याङ्कनको आधारः</u> पूर्णाङ्क -१४ अङ्क

नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक लगानीमा स्थापना भएको सार्वजनिक संस्थान वा निकाय वा प्रचलित कम्पनी कानून बमोजिम स्थापना भएको कुनै राष्ट्रियस्तरको कम्पनीमा अधिकृतस्तरको तहमा रही न्यूनतम सेवा अवधि भन्दा बढी सेवा गरेको अवधिको प्रत्येक वर्ष २ अङ्कका दरले अधिकतम १४ अङ्क।

३. <u>व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधारः</u> पूर्णाङ्क - ३० अङ्क

(क) अवधारणागत स्पष्टता -८ अङ्क

(ख) सही सूचना र विश्लेषण -८ अङ्क

(ग) समस्याको पहिचान र सुधारका लागि सुझाव -८ अङ्क

(घ) लेखन शैली -६ अङ्क

४. <u>व्यावसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधारः</u> पूर्णाङ्क -३० अङ्क

(क) अवधारणागत स्पष्टता -८ अङ्क

(ख) प्रस्तुतीकरण शैली - ८ अङ्क

(ग) विषयवस्तुको विश्लेषण क्षमता (समग्र प्रस्तुतीकरण) - - १० अङ्क

(घ) आत्मविश्वास - २ अङ्क

(ङ) समयको व्यवस्थापन -२ अङ्क

५. <u>अन्तरवार्ता वापतः</u> पूर्णाङ्क -२० अङ्क

## अनुसूची- ४

(दफ-१४ संग सम्बन्धित)

### पदाधिकारीको नियुक्ति वा मनोनयन गर्न अख्तियार प्राप्त अधिकारी वा निकाय

| सि.नं. | सार्वजनिक निकायको नाम | पदाधिकारी | अख्तियारवाला | |
|---|---|---|---|---|
| | | | मन्त्रिपरिषद् | मा. मन्त्रीस्तर |
| १ | उदयपुर सिमेण्ट उद्योग लिमिटेड | अध्यक्ष | √ | |
| | | महाप्रबन्धक | √ | |
| | | सदस्य | | √ |
| २ | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | अध्यक्ष | √ | |
| | | महाप्रबन्धक | √ | |
| | | सदस्य | | √ |
| ३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | व्यवस्थापन विज्ञ सदस्य | | √ |
| ४ | नेपाल ओरिण्ड म्यागनेसाईट (प्रा.) लिमिटेड | अध्यक्ष/कार्यकारी निर्देशक | √ | |
| | | प्रवन्धक निर्देशक | √ | |
| | | सदस्य | | √ |

| सि.नं. | सार्वजनिक निकायको नाम | पदाधिकारी | अख्तियारवाला | |
|---|---|---|---|---|
| | | | मन्त्रिपरिषद् | मा. मन्त्रीस्तर |
| ५ | नेपाल मेटल कम्पनी लिमिटेड | अध्यक्ष | √ | |
| | | महाप्रवन्धक | √ | |
| | | सदस्य | | √ |
| ६ | नेपाल औषधि लिमिटेड | अध्यक्ष | √ | |
| | | महाप्रबन्धक | √ | |
| | | सदस्य | | √ |
| ७ | राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड | अध्यक्ष | √ | |
| | | महाप्रबन्धक | √ | |
| | | सदस्य | | √ |
| ८ | हेटौडा सिमेण्ट उद्योग लिमिटेड | अध्यक्ष | √ | |
| | | महाप्रबन्धक | √ | |
| | | सदस्य | | √ |
| ९ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | सदस्य | | √ |

| सि.नं. | सार्वजनिक निकायको नाम | पदाधिकारी | अख्तियारवाला | |
|---|---|---|---|---|
| | | | मन्त्रिपरिषद् | मा. मन्त्रीस्तर |
| १० | नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड | अध्यक्ष | √ | |
| | | महाप्रबन्धक | √ | |
| | | सदस्य | | √ |
| ११ | नेपाल इन्टरमोडल यातायात विकास समिति | सदस्य सचिव | √ | |
| १२ | नेपाल आयल निगम लिमिटेड | अध्यक्ष | √ | |
| | | कार्यकारी निर्देशक | √ | |
| | | सदस्य | | √ |
| १३ | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | अध्यक्ष | √ | |
| | | प्रमुख कार्यकारी अधिकृत | √ | |
| | | सदस्य | | √ |
| १४ | विराटनगर जुट मिल्स | सदस्य | | √ |